आज मिति २०८२/०१/१९ गते शुक्रवारका दिन विहान ८:०० बजे गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्तावमाथि छलफल गरी निम्नानुसार निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री संजिव कुमार यादव (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री संजय कुमार ठाकुर (लेखा अधिकृत)

श्री दुर्गानन्द कुमार यादव (कम्प्युटर अपरेटर)

CamScanner

प्रस्तावहरु :

१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको अनुदान सम्बन्धमा ।

२. छात्रवृत्ति सम्बन्धमा ।

३. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानहरु कार्यान्वयन गर्ने सम्बन्धमा ।

४. स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान सम्बन्धमा ।

५. विद्यालय स्थापना सम्बन्धमा ।

६. मदरसा संचालनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा ब.उ.शी.नं. ३५०००१०९३ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय WASH सुविधा सहितको शौचालय निर्माण/खानेपानी प्रबन्ध कार्यको लागि प्राप्त बजेट चक्रघट्टा गाउँपालका वडा नं. ४ स्थित रहेका मदरसा इस्लामिया हेदायतुल मुस्लेमिनमा एकमुष्ट अनुदान पठाउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा चालु खर्च शीर्षकतर्फ क्र.सं.१.६५, खर्च शीर्षक नं. २२५२२ मा छुट्याइएको रकमबाट चक्रघट्टा गाउँपालिकामा स्थायी घर भई सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेका विद्यार्थीहरुले छात्रवृत्तिमा MBBS, Engineer लगायत अन्य प्राविधिक विषयमा नाम निकालेमा प्रोत्साहन स्वरुप रु. १ लाख प्रदान गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा संघीय सरकार र प्रदेश सरकारको सशर्त अनुदानबाट प्राप्त हुने बजेट तथा कार्यक्रमहरुलाई उपभोक्ता समिति मार्फत योजना संचालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय सशर्त कार्यक्रम क्रियाकलाप नं. ११.१.२.२९८६ बमोजिम स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम संचालनका लागि विनियोजित रकम अनुदान स्वरुप रु.५५ लाख श्री जनता मा.वि. चक्रघट्टा २ (बेलही) को खातामा पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका वडा नं. ३ र ७ मा सामुदायिक विद्यालय नरहेकोले उक्त वडाहरुमा शैक्षिक सत्र २०८२ देखि सामुदायिक विद्यालय व्यवस्थापन तथा संचालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका वडा नं. २ र ३ मा मदरसा संचालनको लागि मांग भई आएकोले उक्त वडाहरुमा शैक्षिक सत्र २०८२ देखि मदरसा व्यवस्थापन तथा संचालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।